छन् । नेकपा एमालेका केन्द्रीय सदस्य तथा सङ्घीय सांसद गङ्गाप्रसाद यादवले आफ्नो पिताको तेह्रौं दिनको पुण्यतिथिमा आयोजना गरेको सभास्तरीय भोजमा सम्मान ग्रहण गर्दै यादव जातिका सभापति राम बिहारी यादवले यस्तो बताउनुभयो ।

यादव जातिका सभापति पटिकटिका मानवन देखानसहित ३५ जनाभन्दा बढीलाई धोती र गम्छासहित सङ्घीय सांसद यादवले सम्मान गर्नुभएको थियो । सम्मान गर्दै सांसद यादवले भन्नुभयो, "मृत्युभोज न्यूनीकरण हुनुपर्छ भन्ने पक्षमा म आफैं भए पनि पिता हनुमानी यादवले मेरो मृत्युभोज सभास्तरीय गर्न भनेकाले उहाँको वचन पूरा गर्न सभास्तरीय भोजको आयोजना गरें ।

होइन, न्यूनीकरण हुन आवश्यक छ ।" जहाँ सभाका सभापति राम बिहारी यादवले अब मृत्युभोज गर्नैपर्ने दबाब दिइने काम पूरा बन्द भएको बताउनुभयो। उहाँले भन्नुभयो, "कसैलाई इच्छा भयो भने गर्न सक्छ तर अब पहिलेको जस्तो मृत्युभोज गराउन कुनै किसिमको मान्यता जातीय सभापति माइनजनहरूले दिने छैनन् ।" नयाँ पुस्तामा यस्तो मृत्युभोज खाने र भोज गर्ने उत्सुकता नदेखिएकाले जातीय माइनजनहरूले पाहेर पनि मृत्यु भोजको आयोजना गर्न छोड्दै गएका छन् ।

सभापति यादवले भन्नुभयो, "सङ्घीय सांसद यादवका पिता हनुमानी यादव स्वयं यादव जातिको अगुवा भएकाले उहाँको तिथिमा सभास्तरीय भोज आयोजना गर्नुभएको हो । यसमा सामाजिक कार्यमा लगानी गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "भोजका लागि आवश्यक सबै सामग्री भारतीय बजारबाट आउने गरेकाले ठूलो रकम बाहिरिने गरेको छ ।"

मानव अधिकारवादी राजकुमार राउतले जातीय सङ्घ सङ्गठनहरू बसेर मृत्युभोज न्यूनीकरण, दाइजो प्रथाको अन्त्य, नारी शिक्षामा जोड दिन सबै जातिका अगुवाले मिलेर काम गर्नुपर्ने बताउनुभयो । उहाँले तराई मधेशमा कतिपय मृत्युभोज र दाइजोको खर्च जुटाउँदा जायजेथा बेचेर सुकुमवासी भइसकेका बताउनुभयो । उहाँले भन्नुभयो, "यस्तो प्रथा र परम्पराले मानिसलाई विपन्नतातर्फ धकेलिरहेको छ भने त्यसको बढावा होइन, अन्त्य नै गर्न आवश्यक छ ।"

मलङ्गवामा राखिएको छ । यस्तै जिल्लाको बरहथवा नगरपालिका-१४, लालदियरमा बा ४० प ८९९५ नम्बरको मोटरसाइकलले साइकल यात्रीलाई ठक्कर दिँदा चार जना घाइते भएका छन् ।

त्यस्तै पूर्वपश्चिम राजमार्ग अन्तर्गत ईश्वरपुर नगरपालिकास्थित बाँके जङ्गलमा बर्दीबासबाट सुनसरीतर्फ आइरहेको प्रदेश २-०३-००१ च ४००८ नम्बरको खाली पिकअप तीव्र गतिका कारण अनियन्त्रित भई पल्टिँदा चालक र सहचालक घाइते भएका छन् । दुर्घटनामा घाइते पिकअप चालक सिन्धुलीको दुधौली नगरपालिका-४, ढकहा बस्ने २३ वर्षीय शान्तिप्रसाद तिमल्सिना र सहचालक सोही ठाउँका १९ वर्षीय रोहन लामिछानेको मोडेल अस्पताल लालबन्दीमा उपचार चलिरहेको प्रहरीले जनाएको छ ।

(गोरखापत्र दैनिक)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# नेपाल इन्टरमोडल यातायात विकास समिति

**चोभार, कीर्तिपुर-६**

## सुरक्षाकर्मी आपूर्ति गर्न सेवा करारमा लिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(प्रकाशित मिति: २०८१।०२।०३)**

यस समिति अन्तर्गतको केन्द्रिय कार्यालय र साविक बिराटनगर सुख्खा बन्दरगाहमा सुरक्षा व्यवस्था गर्न बढिमा १ वर्षका लागि सुरक्षाकर्मीहरुको सेवा करारमा लिनु पर्ने भएको हुँदा यस्तो सेवा आपूर्ति गर्न सक्ने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म/संस्था/कम्पनीहरुले तोकिएको म्याद भित्र रीतपूर्वक e-submission प्रकृया अवलम्बन गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| बोलपत्र नं. | विवरण | सुरक्षा गार्ड (सुरक्षा कर्मी) संख्या | बोलपत्र सम्बन्धी कागजात खरिद दस्तुर | बोलपत्र दर्ता हुने अन्तिम मिति तथा समय | बोलपत्र खोलिने मिति/समय | बिडबन्ड रकम र म्याद |
|---|---|---|---|---|---|---|
| NITDB/SS-03 (080/081) | सुरक्षाकर्मी आपूर्ति गर्न सेवा करारमा लिने सम्बन्धी | ८ जना | रु ३०००।- (फिर्ता नहुने गरी) | २०८१।०३।०२ गते दिनको १२:०० बजे सम्म | २०८१।०३।०२ गते समय: दिनको १ बजे | रु ७०,०००।०० (बोलपत्र खोल्ने मितिबाट १२० दिन) |